# डढेलो व्यवस्थापन रणनीति, २०६७

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

# प्राक्कथन

नेपालमा विगत केही वर्षदेखि वन डढेलो एक प्रकोपकै रुपमा बढिरहेको परिप्रेक्ष्यमा यसको समुचित व्यवस्थापनमार्फत यसबाट पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरण र यसको उचित प्रयोगबाट भूउपयोग विकास, जैविकविविधता संरक्षण एवम् वन्यजन्तुको वासस्थान सुधार र स्थानीय समुदायहरुको जीविकोपार्जनमा टेवा समेत पुग्न जाने देखिन्छ ।

वन डढेलो व्यवस्थापन रणनीतिले यसको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको समन्वय र सहकार्य मार्फत जलवायु परिवर्तन र वन डढेलो प्रकोप बीचको दुष्चकलाई तोड्ने विश्वास लिएको छु । साथै, वन डढेलोको कारण हरेक वर्ष बढ्दै गइरहेको सामाजिक, आर्थिक र वातावरणीय क्षति न्यूनीकरण भई प्राकृतिक स्रोत व्यवस्थापनको क्षेत्रमा यस रणनीतिले एक नयाँ अध्याय थप्नेछ भन्ने विश्वास समेत लिन सकिन्छ । यस रणनीति अन्तरगत बिभिन्न निकायहरुले आ-आफ्नो तर्फबाट कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा लान सजिलो हुने विश्वास समेत लिएको छु ।

यस रणनीति तयार गर्ने कार्यमा संलग्न सबै सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु । विशेष गरी रणनीति कार्यदलका संयोजक श्री विजयराज पौड्याल, सदस्य-सचिव श्री सुन्दर प्रसाद शर्मा, सदस्यहरु श्री कृष्ण प्रसाद आचार्य, श्री केशव प्रसाद खनाल, श्री कमल जङ्ग कुँवर, श्री वेदकुमार ढकाल, श्रीमती गायत्री कार्की लगायत विशेष सहयोगी श्री रेशम बहादुर डाँगी, श्री देवेशमणि त्रिपाठी, श्री राजकुमार श्रेष्ठ र श्री सन्तोषमणी नेपाललाई धन्यवाद दिन चाहन्छु । अन्तमा, वन डढेलो रणनीति तयार गर्ने कार्यमा आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने सबै सरोकारवाला संस्थाहरुको सहयोगको सराहना गर्दछु । अब यो रणनीतिलाई कार्यान्वयन गरी वन डढेलो नियन्त्रण कार्यमा सरिक हुन सम्बन्धित सबै व्यक्ति तथा संस्थाहरुलाई आग्रह गर्दछु ।

युवराज भुसाल
सचिव
वन तथा भूसंरक्षण मन्त्रालय

# वन डढेलो व्यवस्थापन रणनीति, २०६७

## १.पृष्ठभूमी

नेपालको कुल भू-भागको ३९.६ प्रतिशत वनक्षेत्रले ओगटेको छ । वन डढेलोको प्रयोग स्थानीयस्तरमा वन व्यवस्थापनका लागि समेत हुँदै आए पनि नेपालमा वनको विनास र क्षयीकरण हुनुमा डढेलो एक प्रमुख कारण मानिन्छ । हरेक वर्ष हुदै आएको डढेलोको प्रकोपबाट ठूलो मात्रामा प्राकृतिक तथा मानवीय क्षति भईरहेको छ । केही वर्ष यता बढ्दो अनियन्त्रित डढेलोका कारण भएका क्षतिका घटनाहरूले राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा नै हलचल मच्चिएको छ । जलवायु परिवर्तन र वन डढेलो बीचको दुश्चक्रीय अन्तरसम्बन्धले समस्या अझ जटील बन्नुका साथै डढेलोका घटनामा समेत वृद्धि हुँदै आएको देखिन्छ । यसबाट सामाजिक, आर्थिक तथा वातावरणीय क्षति पनि बढ्दै गएको अवस्था छ ।

डढेलो कतै प्राकृतिक रुपमा लाग्ने गरेको छ भने कतिपय अवस्थामा वनपैदावारको चोरी निकासी, अतिक्रमण, चोरी शिकार जस्ता गतिविधिमा सहयोग पुऱ्याउन लगाउने गरेको पनि पाइन्छ । डढेलो व्यवस्थापनको लागि विभिन्न निकायहरूबाट आ-आफ्ना क्षमता अनुसार केही निरोधात्मक तथा केही नियन्त्रणात्मक उपायहरू अवलम्बन गर्दै आएको पाईन्छ । कानूनी व्यवस्था तर्फ मुलुकी ऐन, २०२० मा आगो लगाउनेको महलमा यसलाई फौजदारी अभियोगको रुपमा लिइएको छ । त्यस्तै वन ऐन, २०४९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले वनमा आगो लगाउन वा आगो लाग्न सक्ने क्रियाकलापहरु गर्न बन्देज लगाई कानुनी अपराधको रुपमा लिई कैद सजाय र दण्ड जरिवाना समेतको प्राबधान राखेको भए पनि वनक्षेत्रको व्यापकता, स्रोतसाधनको अभाव र सर्वसाधारणको लापरवाहीले गर्दा वनडँढेलोमा उल्लेख्य नियन्त्रण हुन सकेको छैन । सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, कबुलियति वन र संरक्षित क्षेत्रका व्यवस्थापनका कार्ययोजनाहरूमा डढेलो व्यवस्थापनको बिषयबस्तुहरुलाई यथेष्ट रुपमा सम्बोधन गरेको पाइँदैन भने व्यवस्था गरेकै अवस्थामा पनि प्रभावकारी रुपमा कार्यान्वयनमा आउन सकेको देखिँदैन ।

डढेलोबाट मुख्यतया वन विनास नै बढी भएको देखिन्छ तापनि मानिसले यसको प्रयोग सकारात्मक नियतबाट समेत गर्ने गरेको पाइन्छ । उदाहरणको लागि वन डढेलो जीविकोपार्जनको महत्वपूर्ण उपायको रुपमा समेत रहेकोछ । खोरिया फडानी, सीमान्त कृषि भूमिको विस्तार एवं चरणक्षेत्र विस्तारको लागि आगोको प्रयोग विगत देखि नै गरिदै आएको पाइन्छ । वन व्यवस्थापन गर्न, वासस्थान सुधारका लागि वा घाँसेमैदान व्यवस्थापनका लागि पनि आगोको उपयोग हुँदै आएको छ । तसर्थ यसको निरपेक्ष नियन्त्रण भन्दा पनि उचित व्यवस्थापन गर्नु वाञ्छनीय हुन आउँछ ।

अनियन्त्रित वन डढेलो एक भयावह प्रकोपको रुपमा रहेको भए पनि यसको रोकथाम तथा नियन्त्रणका लागि विशेष नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था हुन सकेको छैन । गाउँघरमा लाग्ने आगलागीका विरुद्ध नियन्त्रण तथा राहतका लागि व्यवस्था भए पनि वन डढेलोबाट हुने क्षतिको नियन्त्रण तथा राहतका लागि ठोस नीतिगत प्रावधान छैन । त्यसै गरी वन डढेलोको व्यवस्थापनका लागि संरचनागत व्यवस्था पनि नभएको परिप्रेक्ष्यमा प्रस्तुत रणनीतिले नीतिगत, कानूनी तथा संरचनागत व्यवस्थाकालागि मार्ग प्रशस्त गर्ने विश्वास गर्न सकिन्छ ।

डढेलो रोकथाम तथा नियन्त्रणका लागि सरकारी, गैर सरकारी संघसंस्थाहरु तथा नागरिक समाज लगायतबाट पहल नभएको भने होइन तर नीतिगत, कानूनी तथा संरचनागत, कार्यक्रमगत र अनुगमनको कमी कमजोरीका कारण प्रभावकारी ढंगले डढेलो व्यवस्थापन हुन नसकी समस्याको मात्रा र आयाम बढ्दै गएको देखिन्छ । संस्थागत रुपमा सरकारी प्रयास मात्र पर्याप्त नभएको पृष्ठभूमिमा सबै सरोकारवालाहरूको प्रतिबद्धता सहित समस्या समाधानको लागि कार्यमूलक एवम् नतिजामूलक प्रयासका साथै समन्वयात्मक, साझा र दीर्घकालिन अवधारणा अवलम्बन गर्नु पर्ने आवश्यकता देखिएको छ ।

यस परिप्रेक्ष्यमा डढेलो व्यवस्थापनका लागि दीर्घकालीन रणनीति तयार गर्दै सो अनुसार योजना तथा कार्यक्रम तय गर्नु पर्ने आवश्यकता छ । यसका लागि समन्वय, संचार, सहकार्यको माध्यमद्वारा कार्यक्रम कार्यान्वयन गरी डढेलोबाट हुने जोखिम न्यूनीकरण गर्दै नियन्त्रित आगोको प्रयोगबाट प्राप्त हुने लाभको विस्तार गर्न राष्ट्रिय रुपमा

वन तथा जैविक विविधता स्रोतको दिगो व्यवस्थापनमा टेवा पुग्ने गरी विभिन्न तहका सरोकारवालाहरूको सहभागितामा यो रणनीति तयार गरिएको छ। यो रणनीति नेपालको विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६७ लाई समेत आत्मसात गरी तयार गरिएकोले यसबाट राष्ट्रिय उद्देश्यका साथै वनक्षेत्रको समग्र उद्देश्य हासिल गर्न समेत टेवा पुग्ने देखिन्छ।

## २.दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

वन क्षेत्रको दीगो व्यवस्थापनको लागी लिइने रणनीतिहरू मध्ये डढेलो व्यवस्थापन रणनीति पनि एक हो। यस रणनीतिको दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्यहरु यस प्रकार रहेका छन्:

**दीर्घकालीन सोंच:** "डढेलोको प्रभावकारी व्यवस्थापनद्वारा वनस्रोतको जगेर्ना, स्थानीय समुदाय एवम सरोकारावालाहरुमा सुरक्षाको अनुभुति, समग्र वातावरणीय संरक्षण र स्थानीय जीविकोपार्जनमा सकारात्मक टेवा पुगेको हुनेछ।"

**लक्ष्य:** यस रणनीतिको लक्ष्य डढेलोबाट हुने जन, धन, वन, जैविक बिबिधिता तथा पारिस्थितिकीय प्रणालीको क्षतिलाई न्यूनीकरण गर्दै यसको उचित व्यवस्थापनबाट वनको उत्पादकत्वमा टेवा पुऱ्याउनु रहेको छ।

**उद्देश्यहरू**

- डढेलो व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको निर्माण एवं सुदृढीकरण गर्ने।
- डढेलो रोकथाम र नियन्त्रणमा स्थानीय समुदाय, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरू परिचालन गर्ने।
- डढेलोबाट हुन सक्ने जोखिम बारे अग्रीम जानकारी लिनका लागि पूर्व तयारी गर्ने।
- आगोको व्यवस्थित प्रयोगबाट पारिस्थितिकीय प्रणालीमा सकारात्मक प्रभाव र स्थानीय जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने।
- आन्तरिक तथा अन्तरदेशीय डढेलो विपत तथा यसबाट उत्पन्न जलवायु परिवर्तन लगायत वातावरणीय समस्या समाधानका लागि द्विपक्षीय/बहुपक्षीय समन्वय, सहकार्य र सहयोग विस्तार गर्ने।

## ३.रणनीतिहरू

वन डढेलोको सकारात्मक तथा नकारात्मक प्रभाव पर्ने सन्दर्भमा यसको व्यवस्थापन गर्नु चुनौतिपूर्ण कार्य हो। यसलाई जनउपयोगी र प्रभावकारी ढंगबाट व्यवस्थित गरी सकारात्मक पक्षहरुको विस्तार र नकारात्मक पक्षको न्युनीकरण गर्न तथा यसको प्रकोपबाट हुन जाने जन, धन तथा वनको क्षतिलाई कम गर्न यसको उचित व्यवस्थापन गर्नु आवश्यक छ। यसका लागि दीर्घकालीन रणनीति तथा तिनलाई सघाउ पुऱ्याउने कार्यनीतिको तर्जुमा हुन वाञ्छनीय देखिन्छ। वन क्षेत्रको दिगो व्यवस्थापन गर्न टेवा पुग्ने गरी निम्न बमोजिमका डढेलो व्यवस्थापन रणनीतिहरू तय गरिएको छ।

**डढेलो निरोधात्मक रणनीति**

### ३.१. नीतिगत, कानूनी तथा संस्थागत सुधार

३.१.१ वहुसरोकारवालाहरूको संलग्नतामा वन क्षेत्रसंग सम्बन्धित नीति, ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनहरुको परिमार्जन गरी डढेलो व्यवस्थापन सम्बन्धी विषयलाई समावेश गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ। साथै, नयाँ बन्ने वन सम्बन्धी नीति, रणनीति, ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनहरुमा वन डढेलोको विषय समावेश गरिनेछ।

३.१.२ वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको संस्थागत संरचना सुधार गरी वन क्षेत्र बाहेकका अग्नि प्रकोप व्यवस्थापन तथा नियन्त्रणसँग सम्बन्धित निकायहरूसंगको समन्वयमा डढेलो व्यवस्थापन संरचना वा संयन्त्रको विकास गरिदै लगिनेछ ।

३.१.३ समुदायमा आधारित वन व्यवस्थापन समूहहरूमा डढेलो व्यवस्थापन स्वयंसेवी उपसमूह (इकाई)हरू गठन गरिनेछ ।

३.१.४ वन डढेलोको नियन्त्रण तथा रोकथामका लागि योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने तथा वन डढेलो लगाउने वा लगाउन मद्दत पुऱ्याउने कार्यलाई दण्डनीय बनाइनेछ ।

**३.२ शिक्षा, जनचेतना, क्षमता अभिवृद्धि र प्रविधि विकास**

३.२.१ विद्यालय स्तरका पाठ्यक्रम तथा वन क्षेत्रसंग सम्बन्धित व्यवस्थापन तालिमको पाठ्यक्रममा डढेलो व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्नुका साथै जनचेतनामूलक प्रचारप्रसार सामग्री तयार गरी वितरण गर्ने व्यवस्था मिलाउदै लगिनेछ ।

३.२.२ स्थानीयस्तरदेखि केन्द्रीयस्तर सम्मका सरोकारवालाहरुको विभिन्न तालिम, गोष्ठी तथा अन्तर्क्रिया जस्ता माध्यमबाट डढेलो व्यवस्थापन गर्ने क्षमता अभिवृद्धि गर्दै वैज्ञानिक एवं स्थानीय सीपमा आधारित डढेलो व्यवस्थापन प्रविधिको विकास गर्न प्राथमिकता दिइनेछ ।

**३.३ डढेलो सम्बन्धी विषयमा जनसहभागितामा आधारित अनुसन्धान र विकास**

३.३.१ डढेलोबाट वन, जैविक विविधता, कार्बन उत्सर्जन, भू-दृश्य सौन्दर्य, सामाजिक आर्थिक पक्ष आदिमा पर्न जाने प्रभावका बारेमा अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ ।

३.३.२ डढेलोसंग सम्बन्धित अनुसन्धानका नतिजासहितको प्रभावकारी सूचना पद्धतिको विकास गरिनेछ ।

३.३.३ डढेलो व्यवस्थापनका लागि नयाँ प्रविधिको विकास गर्ने वातावरणलाई प्रोत्साहित गरिनेछ ।

**३.४ सहकार्य, संजाल विस्तार एवं पूर्वाधार विकास**

३.४.१ डढेलो व्यवस्थापन तथा पुनर्स्थापना कार्यमा स्थानीय र राष्ट्रिय स्तरमा समन्वय र सहकार्यको लागि नीतिगत एवम संस्थागत रुपमा प्रारुप तयार गरिनेछ ।

३.४.२ क्षेत्रीय तथा अन्तरराष्ट्रिय स्तरमा डढेलो व्यवस्थापनका लागि आपसी सहयोग अभिवृद्धि गर्दै लगिनेछ ।

३.४.३ जीबिकोपार्जन र डढेलो बिचको अन्तरसम्बन्धलाई आत्मसात गरी खोरिया खेती (Slash and Burn) लगायतका परम्परागत स्थानीय डढेलो व्यवस्थापन प्रविधिको उचित उपयोग गरी डढेलोको हानीकारक प्रभाव न्युनीकरण गर्ने र सकारात्मक प्रभाव वृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।

३.४.४ सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, साझेदारी वन लगायत सबै वन व्यवस्थापन पद्धतिहरुका वन सम्वर्धन कार्यहरुमा आवश्यक डढेलो व्यवस्थापनलाई झन प्रभावकारी बनाउने व्यवस्था मिलाइनेछ ।

**<u>डढेलो नियन्त्रण रणनीति</u>**

**३.५ डढेलो नियन्त्रण**

३.५.१ जिल्ला वन व्यवस्थापन योजना, संरक्षित क्षेत्र व्यवस्थापन योजना, उपजलाधार व्यवस्थापन योजना, सामुदायिक वन कार्ययोजना लगायत वनक्षेत्रका सबै उपक्षेत्रीय व्यवस्थापन योजनाहरूमा डढेलो व्यवस्थापन सम्बन्धी प्रावधान समावेश गर्ने व्यवस्था मिलाइनेछ ।

३.५.२ डढेलो व्यवस्थापन चक्रको प्रत्येक चरणमा स्थानीय देखि केन्द्र सम्म प्रभावकारी समन्वय कायम गरी डढेलो नियन्त्रणको व्यवस्था मिलाइनेछ।

३.५.३ डढेलो विपद् निर्देश प्रणाली (Incident Command System) को विकास गरी वनक्षेत्रका संरचनाहरूमा दक्ष जनशक्तिको व्यवस्था गर्दै लगिने छ।

३.५.४ डढेलो प्रकोप बढी हुने निश्चित अवधिका लागि सरकारले 'डढेलो संकट अवधि' घोषणा गरी राज्यका सबै अंगलाई डढेलो विरुद्ध तयार रहन तथा नियन्त्रणमा लाग्न आदेश जारी गर्ने व्यवस्था मिलाइने छ। साथै, वर्षमा एक पटक डढेलो व्यवस्थापन सप्ताह मनाउने व्यवस्था गरिनेछ।

३.५.५ डढेलो प्रभावित क्षेत्रमा जनसहभागिता परिचालन गरी प्राकृतिक पुनरुत्पादन प्रवर्धन तथा वृक्षारोपण गरी सोको संरक्षण गरिनेछ।

३.५.६ डढेलो पीडित व्यक्ति तथा परिवारहरूलाई अन्य आगलागी पीडितलाई सरह उचित राहत दिने व्यवस्था मिलाइनेछ ।

## ४.रणनीति कार्यान्वयन, अनुगमन र यसको लागि संरचनागत व्यवस्था

यस डढेलो व्यवस्थापन रणनीतिको फोकल निकाय वन तथा भू-संरक्षण मन्त्रालय रहने छ। अन्य संरचनाको हकमा यस रणनीतिले औंल्याए अनुसार वन सम्ब ी नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्दा अन्य केन्द्रीय, क्षेत्रीय, जिल्ला तथा स्थानीय तहका संरचनाहरुको समेत व्यवस्था गरिनेछ। यसको कार्यान्वयनलाई सुनिश्चित गर्ने र अनुगमनको व्यवस्था मिलाउने मुख्य दा त्व वन तथा भू-संरक्षण मन्त्रालयको हुनेछ। तथापि वन व्यवस्थापन सरकार, समुदाय तथा निजी वन धनीह ले गर्नु पर्ने हुँदा डढेलो व्यवस्थापन रणनीतिको कार्यान्वयनमा वहुसरोकारवालाहरुको सहयोग तथा सहभागिताम कार्यान्वयन तथा अनुगमन गरिने छ। यस क्रममा यस रणनीति कार्यान्वयनका लागि वन तथा भूसंरक्षण मन्त्रालयले वनका प्रमुख सरोकारवालाहरुसंग छलफल गरी कार्यान्वयन योजना तयार गर्नेछ। कार्यान्वय योजना बमोजिम डढेलो व्यवस्थापनको निरोधात्मक तथा नियन्त्रणात्मक उपायहरुको अवलम्बन भए नभएको अनुगमन गर्न थप प्रभावकारी व्यवस्था समेत मिलाइनेछ।